मूल्य रू. २५/-

चैत्र, २०६३ (March-April 2007)

३९ देशका सयौं सहरमा पुग्ने नेपालीहरूको प्रतिनिधि पत्रिका

# ऐक्यबद्धता

## Solidarity

*a magazine fostered by nepalese around the globe*

मासिक

# बहस : भावी नेपालको








- काठमाण्डौमा यौन व्यवसाय
- विदेशमा नेपाली गतिविधि

Kuwait Kdo.5, Lebanon LL 2000 Malaysia Rm5, Oman Riyal O.5 Qatar Qr. 5, Singapore $3, Uk £2, Saudi Riyal 5, UAEDiram5, IsraelNis10, Iceland US$2

## यस अङ्कमा

लोकतन्त्रको पहिलो आधार स्वशासन नै हो अर्थात आफ्नो शासन आफैले गर्ने प्रणाली हो । लोकतन्त्रमा व्यक्तिगत स्वतन्त्रतालाई सर्वाधिक महत्व दिइने दार्शनिक कारण पनि यही हो ।



**भावी नेपालको स्वरूपबारे नरहरि आचार्यको आवरण प्रस्तुति**

साथमा वामदेव गौतम, सिपी गजुरेल, डा. मिनेन्द्र रिजाल, अनिलकुमार झा, डा. सुन्दरमणि दिक्षित, राजेन्द्र खेतान र शिव मुनकर्मीका विचारहरु

यो बम काण्ड हुतिहारा नेपाल सरकारले रचेको कुरूप कृति हो



**- खगेन्द्र संग्रौला**



नेपालीहरूको समस्या हेर्न, आफ्नो हक हित र सुविधाको लागि साथै नेपालमा पनि केही गर्नका लागि संस्थाको जरूरी देख्यौं

**- जीवा लामिछाने**



लगानीको क्षेत्रमा आश्वासन दिएअनुसार काम हुन सकेको छैन भने हाम्रो तर्फबाट पनि पर्याप्त गृहकार्य हुन नसकेको देखिन्छ

**- डा. हेम शर्मा, जापान**

तुलनामा नआउने कनिष्ट कलाकारलाई गोर्खा दक्षिणबाहु दिइँदा पनि मन दुखाएनन् ओमविक्रम विष्टले




| | | |
|---|---|---|
| बर्लिन स्याहार्दै डा. मदनकुमार भट्टराई | मधु लम्साल | १० |
| किन चाहियो नेपालीको विश्व संस्था | बाबुराजा महर्जन | ११ |
| दुबईका रात्री क्लब र नेपाली कलाकारहरु | शेषनारायण झा | १२ |
| भुटानीलाई मुठ्ठीमा राख्न अमेरिका लागेको छ | आनन्द पाठक | १३ |
| अन्तरीम संविधानमा नै कमजोरी.... | डा. चित्रकृष्ण तिवारी | १६ |
| Road to Fair Representation | Dr. Pramod Dhakal | 18 |
| Request to make provisions ... | Dr. Shyam Karki | 19 |
| सामन्ती प्रणालीले हामीलाई सिकाएको छ... | गंगालाल श्रेष्ठ | २० |
| साइप्रसमा नेपाली संस्थाहरु विवादित | बुद्धसिंह बराइली | २६ |
| राजधानीमा यौनव्यवसाय | प्रकाश महतारा | ३१ |
| कामरेडको नेपालपथ | सन्तोष शर्मा | ३४ |
| रिपोर्ट परदेश | | ३५ |
| कतारमा नेपालीको मृत्यु .... | रवि भट्ट | ३६ |
| बुझेर मात्र जाऊँ विदेश | सुरेश शर्मा | ३८ |
| एनआरएन संक्षेप | | ३९ |
| समाचार संक्षेप | | ४०-४७ |
| उपेक्षित समुदायमा पुग्ने लक्ष्य ... | चन्द्र ढकाल | ४८ |
| साहित्यमै रमाउँछन् बराइली | जैकी मोजाहु | ४९ |
| महेन्द्र पुलिस क्लबको नयाँ इतिहास | ध्रुवराज भट्टराई | ५१ |
| भट्टराईको सिंगापुर र दाहालको स्विट्जरल्याण्ड | तीर्थ कोइराला | ५४ |


*साथमा देश विदेशका समाचार तथा ज्ञानवर्द्धक जानकारीहरु*

कुराकानी



# एनआरएनको तेश्रो विश्वसम्मेलनले मुलुक पुननिर्माणको स्पष्ट खाका बनाउनुपर्छ

◆ डा. हेमराज शर्मा, राष्ट्रिय संयोजक एनआरएन जापान

*विश्वभर छरिएर रहेका करिब १५ लाख नेपालीहरूलाई संगठित गरी उनीहरूको बौद्धिक एवं आर्थिक क्षमतालाई आफ्नो जन्मभूमि निर्माणमा उपयोग गर्न सकिने सम्भावना तथा मुलुकभित्र र बाहिर रहेका नेपालीहरूबीच सार्थक संवाद र प्रशस्त सम्भावनाहरूको खोजीको सुरुवात गरी कार्यान्वयनको तहमा पुऱ्याउन प्रष्ट खाका बनाउनु पर्दछ ।*

***एनआरएन जापानका गतिविधिहरुबारे मिडियामा निकै पढ्न पाइन्छ, मिडियामा आएअनुसार काम भएको हो त ?***

पछिल्ला दिनहरुमा करिब-करिब दुई हप्तामा एउटा सार्वजनिक कार्यक्रम आयोजना भएको छ । जापानजस्तो व्यस्त र खर्चिलो ठाउँमा एनआरएनजस्तो स्वयंसेवी संस्थाले यतिधेरै कार्यक्रमहरु आयोजना गर्न पक्कै पनि ईच्छाशक्तिको खाँचो पर्छ । कार्यसमितिमा रहेका साथीहरु र बाहिर बसेका साथीहरुको नैतिक समर्थनले हामीलाई नियमित रुपमा कार्यक्रम गर्न बल पुऱ्याएको छ । साथमा हामीले निश्चित लक्ष्यहरु र समय किटान गरी तदानुसार कार्यक्रम तय गर्ने गर्छौं । यसले गर्दा हाम्रा गतिविधिहरु नियमित रुपमा मिडियामा आइरहनु अस्वाभाविक होइन ।

***तपाईहरुको लक्ष्य प्राप्तिका लागि खास कार्यक्रमहरु पनि भइसकेका छन् कि सैद्धान्तिक निर्णयहरु मात्र ?***

हामीले यी निर्णयहरुको कार्यान्वयनलाई पनि त्यत्तिकै जोड दिँदै आएका छौं । बेलाबेला कामहरुको समीक्षा पनि गर्छौं । एनआरएन एउटा नयाँ संस्था भएकोले यसबारे जागरण फैल्याउन ब्रुसरको वितरण, विदेशमै रहेर पनि आफू जन्मेको मुलुकप्रतिको भूमिकाबोध गराउन जापानका विभिन्न ठाउँमा सेमिनार गोष्ठीको आयोजना गरी एनआरएनका गतिविधिहरु पारदर्शी रुपमा जापानबासी नेपाली समक्ष राख्दै आएका छौं । हाम्रा गतिविधिहरु नेपालीबीच पुगोस् भन्ने हेतुले जापानबाट प्रकाशित हुने मिडियाहरुसँग पनि सहकार्य गर्दै आएका छौं । एनआरएनका गतिविधिहरु टोकियोमा मात्र सीमित नगरी जापानको दक्षिण ओकिनावादेखि उत्तर होक्काइदोसम्म विस्तार गर्न क्षेत्रीय समिति बनाउने निर्णय गरेका छौं । सबै नेपालीहरुलाई एनआरएनमा संगठित गर्न "सदस्यता वितरण कार्यक्रमलाई" अभियानकै रुपमा अगाडि सारेका छौं । त्यसै गरेर अन्य उल्लेखनीय कामहरुमा हामीले प्रवासी नेपालीहरुको मतदानको अधिकारको सवालमा नेपाल सरकारलाई ज्ञापन पत्र दिएको होस्, अन्तर्क्रिया आयोजना गरेर होस् या लेखमार्फत् होस्, उठान गर्दै आएका छौं ।

***एनआरएनको मूल भावनाअनुसार देश विकासमा प्रत्यक्ष सरोकार राख्ने खालका खासै कामहरु भएका छैनन भनिन्छ नि ?***

हाम्रो पहिलो वर्षको फोकस भनेको एनआरएन जापानको संगठनको संरचना, विकास गर्नु र संगठनको बिस्तार गर्नु हो । परिणाम र परिमाण दुवैरुपमा संगठन बलियो भयो भने मात्र कुनै पनि कार्यक्रमहरु प्रभावकारी ढंगले अगाडि लान सकिन्छ भन्ने हाम्रो मान्यता छ । दोश्रो वर्षको कार्यकालमा देशको विकासमा प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रमहरु ल्याउने छौं । नेपालको जलश्रोतको क्षेत्रमा जापानबासी नेपालीहरुको लगानीको सम्भावनाबारे छलफल गर्न एनआरएन कोरियासँग पनि सम्पर्क स्थापित भैइसकेको छ । छिट्टै नै यस विषयमा सेमिनार गर्न कोरियाका साथीहरुले अध्ययन गर्दै हुनुहुन्छ । देशमा भएको शान्ति स्थापनासँगै पर्यटक भित्र्याउन जापानिजहरुलाई नेपाल जान प्रोत्साहन गर्ने खालका कार्यक्रमहरु पनि सञ्चालन गर्दै आएका छौं, जसको उदाहरणका लागि नेपाल जापान मैत्री सम्बन्धको ५० औं वर्षगाँठको उपलक्ष्यमा आयोजित भेषभुषा प्रदर्शन र सांस्कृतिक कार्यक्रमलाई लिन सकिन्छ ।

***अब हुने वार्षिक साधारणसभाका अन्य एजेण्डा तथा भावी कार्यक्रमहरु के के छन् त ?***

नियमित गतिविधिहरु, जस्तैः आर्थिक प्रतिवेदन, विधान संशोधन, वार्षिक प्रतिवेदनको अनुमोदन बाहेक एनआरएन जापानका साथीहरुको राय र सुझावका आधारमा हाम्रो भावी कार्यदिशाको निक्यौंल निकालिने छ । अगामी अक्टोबरमा काठमाडौंमा हुने एनआरएनको तेश्रो विश्व सम्मेलन तयारीको विषयमा पनि छलफल गरिनेछ । साथमा हाम्रो वार्षिक प्रकाशन "मातृभूमि नेपाल"को विमोचन र धेरै नेपालीको ध्यान आकर्षण गर्ने सांस्कृतिक कार्यक्रम पनि गर्दैछौं ।

***तेश्रो विश्व सम्मेलन कसरी अगाडि बढ्नु पर्छजस्तो लाग्छ ?***

पहिलो र दोश्रो सम्मेलनभन्दा तेश्रो सम्मेलनको फोकस भिन्न खालको हुनुपर्छजस्तो लाग्छ । पहिलो र दोश्रो सम्मेलनमार्फत् हामीहरुले एनआरएन आन्दोलनबारेमा देशविदेशमा प्रशस्त मात्रामा जनजागरण ल्याउन सफल भयौं । एनआरएनको स्थापनाको औचित्य पनि प्रष्ट भैसकेको छ । हामीहरुले देश विकासमा टेवा पुऱ्याउने प्रशस्त आश्वासन पनि छोडिसकेका छौं । तेश्रो

## कुराकानी

सम्मेलनमा मुलक पुन: निर्माणको निम्ति एनआरएनको भूमिका स्पष्ट गरेर जानुपर्छ। 'नेपालीका लागि नेपाली' भन्ने भावनात्मक सन्देशका साथ विश्वभर छरिएर रहेका करिब १५ लाख नेपालीहरुलाई संगठित गरी उनीहरुको बौद्धिक एवं आर्थिक क्षमतालाई आफ्नो जन्मभूमि निर्माणमा उपयोग गर्न सकिने सम्भावना तथा मुलुकभित्र र बाहिर रहेका नेपालीहरुबीच सार्थक संवाद र प्रशस्त सम्भावनाहरुको खोजीको सुरुवात गरी कार्यान्वयनको तहमा पुऱ्याउनलाई प्रष्ट खाका बनाउनु पर्दछ।

*एनआरएनले देश विकासमा हालसम्म खास उपलब्धिमूलक काम गरेको छैन त त्यसो भए ?*

त्यस्तो होइन, सामाजिक क्षेत्रमा थुप्रै कार्यहरु भएका छन्। गैरआवासीय नेपालीहरुको सक्रियतामा भरखर मात्र देवघाट वृद्धाश्रमको उद्घाटन भएको छ, पशुपतिमा क्रियापुत्री भवन निर्माण भइसकेको छ, सार्वजनिक पुस्तकालय निर्माणको काम हुँदैछ। यसैगरी हरेक जिल्लामा शिक्षा, स्वास्थ्य र खानेपानीको क्षेत्रमा परियोजना लागू गर्ने काम भइरहेको छ। नेपाल बाहिर पनि उल्लेखनीय काम भएका छन्। जस्तो केही समय पहिले लेबनानको युद्धको चपेटामा नेपालीहरुलाई उद्दार गर्न "एनआरएन सहयोग कोष" स्थापना गरेर नेपालीहरुलाई गरेको सहयोग। मैले भन्न खोजेको हामीले लगानीको क्षेत्रमा आश्वासन दिएअनुसार काम हुन सकेको छैन। यसमा सरकारी नीति नियम पनि बाधक देखिएको छ भने विगतमा भएको देशको राजनैतिक अस्थिरताले पनि लगानीकर्ताहरुलाई दुरुत्साहित गरेको थियो। अबको बदलिएको परिस्थितिमा काम गर्न छिटो छरितो हुन्छ भन्ने कुरामा आशावादी छौं।

*निकट भविष्यमा हुन लागेको संविधानसभाको निर्वाचनको परिणाम कस्तो आवोस् भन्ने चाहनुहुन्छ ?*

निष्पक्ष निर्वाचनबाट नेपाली जनताको सही प्रतिनिधित्व गर्ने, स्थायी खालको लोकतान्त्रिक शासन प्रणाली स्थापना होस् जसले मुलुकमा लगानीको वातावरण बनोस्, देशबाहिर सिकेको ज्ञान र सीपलाई स्वदेशमा फर्केर उपयोग गर्ने वातावरण बनोस् युवा र बुद्धिजीवी वर्गलाई विदेशिनु पर्ने स्थिति सृजना नगरोस्।

*प्रवासीलाई मतदानको अवसर नमिलाउनु कारण के होलाजस्तो लाग्छ ?*

सरकारले प्राविधिक कारणले प्रवासमा मतदानको व्यवस्था गर्न नसकिने भनेको छ । तर सरकारको यो निर्णय कुनै अध्ययन र अनुसन्धानको आधारमा नभई हचुवाको भरमा आएको छ। विज्ञहरुबाट यससम्बन्धमा अध्ययन गराइनु पर्थ्यो। हामीले भारतबाहेक अन्य देशहरुमा मतदानको व्यवस्था मिलाउन सक्ने प्रशस्त सम्भावना देखेका छौं। केही समय पहिला नेपालबाट पाल्नुभएका वरिष्ठ नेताहरुको उपस्थितिमा टोकियोमा सम्पन्न अन्तर्क्रिया कार्यक्रममा एनआरएन जापानले एक कार्यपत्रमार्फत मतदान व्यवस्थापन गर्न कस्ता किसिमका प्राविधिक, आर्थिक र अन्य कठिनाई आउन सक्छन् र समाधानका उपायहरु केके हुनसक्छन् भन्ने कुरा प्रष्ट पारिसकेको छ।

*तपाईंले यसभन्दा पहिले पनि एनआरएनमा दुई वर्ग छन् भन्नुभएको थियो ? के एनआरएनमा विभाजन छ भन्नखोज्नु भएको हो ?*

होइन। मैले खास के भन्न खोजेको हो भने कसैकसैले एनआरएनलाई खाली लगानी र व्यापारसँग मात्र जोडेर हेर्छन्। त्यो गलत किन छ भने जब कानुनले १८२ दिनभन्दा बढी दिन नेपालबाहिर बस्ने नेपालीहरुलाइ एनआरएन भन्ने परिभाषा गरेको छ र एनआरएनको नेतृत्व वर्गले पनि यो बाहिर बस्ने सम्पूर्ण नेपालीहरुको साझा संस्था हो भनेर पटक-पटक स्पष्ट पार्दै आएको छ र एनआरएनका मागहरु उठान गर्दा १५ लाख नेपालीहरुलाई अगाडि सार्दै आएको छ भने केही व्यक्ति विशेषले एनआरएनलाई व्यपारीहरुको वर्गीय संगठन ठान्नु हुँदैन मात्र भनेको हुँ। एनआरएनजस्तो संस्था जहाँ बिभिन्न वर्ग, विचार, पृष्ठभूमि भएका साथीहरु समाहित हुनुहुन्छ, कुनै मुद्दामा फरक विचार आउनुलाई अस्वाभाविक मान्नु हुँदैन। आखिर राष्ट्रप्रेम भावनाले हामी सबैलाई एकताको सूत्रमा बाँधीनै हाल्छ।

ooo

**NEPAL UNIVERSAL MONEY TRANSFER**

NU MONEY TRANSFER

XPRESS MONEY

UAE Xchange

Send Cheaply, Receive Immediately

विश्वका जुनसुकै देशमा अवस्थित एक्सप्रेस मनी सर्भिसेज तथा युएई एक्सचेन्जको काउण्टरबाट रकम पठाएको केही छिनमै नेपालको विभिन्न ठाउँबाट पाउन सकिन्छ।

| जिल्ला | ठाउँ | फोन नं. | जिल्ला | ठाउँ | फोन नं. | जिल्ला | ठाउँ | फोन नं. |
|---|---|---|---|---|---|---|---|---|
| बाग्लुङ | बाग्लुङ | ०६८-५२०२५३ | कास्की | लेखनाथ | ०६१-५६१३१९ | मोरङ | बिराटनगर | ०२१-५२५५८४ |
| बाँके | नेपालगञ्ज | ०८१-५५०१२५ | कास्की | लेखनाथ | ०६१-५६०३८२ | म्याग्दी | बेनी | ०६९-५२०५०२ |
| बाँके | नेपालगञ्ज | ०८१-५२०७७७ | कास्की | पोखरा | ०६१-५३३०६० | म्याग्दी | बेनी | ०६९-५२०४१० |
| बाँके | नेपालगञ्ज | ०८१-५२१९५३ | कास्की | पोखरा | ०६१-५२४६५० | म्याग्दी | गलेश्वर | ०६९-५२०४०० |
| बर्दिया | गुलेरिया | ०८४-४२०३१६ | कास्की | पोखरा | ०६१-५३३०४३ | पाँचथर | फिदिम | ०२४-५२०२०८ |
| भक्तपुर | भक्तपुर | ०१-६६१०५५० | काठमाडौं | कमलपोखरी | ०१-४२४८३११ | पर्वत | कुस्मा | ०६७-४२०२६३ |
| भोजपुर | भोजपुर | ०२९-४२००९३ | काठमाडौं | कमलपोखरी | ०१-४४४४४९२ | पर्वत | कुस्मा | ०६७-४२०६७१ |
| चितवन | भरतपुर | ०५६-५२७७८० | काठमाडौं | गगबु | ०१६-२१४४५७ | पर्वत | बेनी मल्लाज | ०६९-५२०३५२ |
| दाङ | घोराही | ०८२-५६०१२१ | काठमाडौं | गगबु | ०१-४३५८५४० | प्युठान | बिजुवार | ०८६-४६०००९ |
| धनुषा | जनकपुर | ०४१-५२५६४९ | काठमाडौं | पुतलीसडक | ०१-४४३५१८८ | रुपन्देही | बुटवल | ०७१-५४४५०३ |
| धनुषा | जनकपुर | ०४१-५२१०४० | काठमाडौं | डिल्लीबजार | ०१-४४४४१४३ | संखुवासभा | खाँदबारी | ०२९-५६००७० |
| दोलखा | भिमेश्वर | ०४९-४२०४८२ | काठमाडौं | त्रिपुरेश्वर | ०१-४२४९५०३ | सप्तरी | राजबिराज | ०३१-५२०११३ |
| गुल्मी | तम्घास | ०७९-५२०६८६ | काठमाडौं | कीर्तिपुर | ०१-४३३२१७६ | सप्तरी | राजबिराज | ०३१-५२२५०२ |
| इलाम | भानुपथ | ०२७-५२०९९६ | काठमाडौं | मैतीदेवी | ०१-४४४०७८८ | सर्लाही | मलंगवा | ०४६-५२०८३४ |
| झापा | काँकरभिट्टा | ०२३-५६२३२५ | काठमाडौं | ठमेल | ०१-४४४६०१६ | सिराहा | लहान | ०३३-५६०६२७ |
| झापा | दमक | ०२३-५८०४०९ | काठमाडौं | बसुन्धरा | ०१-४३५१३९३ | सोलुखुम्बु | सल्लेरी | ०३८-६२६०५१ |
| झापा | दमक | ०२३-५८०१३६ | काठमाडौं | चाबहिल | ०१-२०७२५८४ | सुनसरी | धरान | ०२५-५३०७२५ |
| झापा | बिर्तामोड | ०२३-५४०८९७ | काठमाडौं | नयाँ बसपार्क | ०१-४३५३८१२ | सुनसरी | धरान | ०२५-५२१५३८ |
| झापा | धारआली | ०२३-५६०५५१ | ललितपुर | हरिसिद्धि | ०१-२००२८७१ | सुर्खेत | बिरेन्द्रनगर | ०८३-५२३२६६ |
| झापा | चन्द्रगढी | ०२३-५२२२०८ | ललितपुर | हरिहरभवन | ०१-५५३३२७८ | स्याङ्जा | वालिङ | ०६३-४४०४२२ |
| काभ्रे | बनेपा | ०११-६६०५४२ | ललितपुर | धेचो | ०१-५५७१९६९ | तनहुँ | दमौली | ०६५-५६०४६५ |
| कैलाली | धनगढी | ०९१-५२०६२९ | ललितपुर | इमाडोल | ०१-५२००८७८ | तनहुँ | दमौली | ०६५-५६०३१५ |
| कैलाली | अटारिया | ०९१-५५००९१ | महोत्तरी | जलेश्वर | ०४४-५२०१४० | तनहुँ | खैरेनी टार | ०६५-५७०३८७ |
| कञ्चनपुर | महेन्द्रनगर | ०९९-५२५५५७ | मकवानपुर | हेटौंडा | ०५७-५२०३७१ | तनहुँ | दुले गौडा | ०६५-५७०२५१ |
| कञ्चनपुर | महेन्द्रनगर | ०९९-५२६८४७ | मोरङ | पथरी | ०२१-५५५१५६ | ताप्लेजुङ | ताप्लेजुङ बजार | ०२४-४६०२३० |
| कपिलवस्तु | तौलिहवा | ०७६-५६०९५० | मोरङ | लेटाङ | ०२१-५६००३२ | तेह्रथुम | म्याङलुङ | ०२६-४६०५३० |
| | | | मोरङ | उर्लाबारी | ०२१-५४०६५१ | उदयपुर | गाईघाट | ०३५-४२०५०२ |

पोष्ट बक्स नं. : ८९७५, इ.पि.सि.: ५११८ कमलपोखरी, काठमाडौं, नेपाल फोन नं. :०१-४४४४४९२, फ्याक्स : +९७७-१-४४४४४८३

इमेल : info@numts.com, वेभसाइट: www.numts.com